जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १६७ २०८२ साल माघ १९ गते सोमबार (2 Feb 2026 Monday) मूल्य रु. ५/-


**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : उदयपुर सिमेन्टका तत्कालीन ... ३ पृष्ठमा : गैरबैङ्किङ वित्तीय संस्थाका ... ३ पृष्ठमा : पाँच दशकपछि ...

# सप्तरी २ मा १२ बर्षपछि काँग्रेसको उम्मेदवार चुनावी मैदानमा






**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

सप्तरी निर्वाचन क्षेत्र नं. २ बाट १२ बर्षपछि नेपाली काँग्रेसका उम्मेदवार चुनावी प्रतिस्पर्धामा उत्रेका छन्।

बि.स. २०७० सालको दोस्रो संविधानसभा निर्वाचनको १२ बर्षपछि सप्तरी काँग्रेसले क्षेत्र नं. २ बाट प्रत्यक्षतर्फ पार्टी उपसभापति रामकुमार यादवलाई चुनावी प्रतिस्पर्धामा उतारेको हो।

यो संगै नेपाली काँग्रेसका समर्थकले यस क्षेत्रमा प्रत्यक्षतर्फ रुख चुनाव चिन्हमा मतदान गर्ने अवसर पाएका हुन्।

बि.स. २०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचन यता तालमेल र गठबन्धनका कारण काँग्रेसले यस क्षेत्रमा आफ्नो पार्टीबाट प्रत्यक्षतर्फ उम्मेदवार उठाउन नपाउँदा काँग्रेका समर्थक रुख चुनाव चिन्हमा मतदान गर्नबाट बञ्चित रहँदै आएका थिए।

काँग्रेसले यसपटकको निर्वाचनमा कुनै दलसंग गठबन्ध नगरी १ सय ६५ निर्वाचन क्षेत्रमा एक्लै चुनाव लड्ने निर्णय गरेपछि काँग्रेका समर्थकले रुख चुनाव चिन्हमा १२ बर्षपछि मतदान गर्ने अवसर पाएका छन्।

विगतमा गठबन्धनका कारण पार्टीलाई घाटा भएको जनाउँदै यसपटक पार्टी उपसभापति यादवलाई उम्मेदवार बनाएपछि काँग्रेसी कार्यकर्तामा उत्साह छाएको नेपाली काँग्रेस क्षेत्र नं. २ का क्षेत्रिय सभापति महानन्द यादवले बताए।

उनले काँग्रेसप्रति जनताको रुफान रहेपनि विगतमा चुनावको क्रममा गरिएको तालमेल र गठबन्धनबाट अन्यदललाई फाइदा र काँग्रेसलाई भने घाटा व्यहोर्नु परेको तर्क गरे। "संगठन बलियो बनाउन पनि पार्टीले यसपल्ट एक्लै चुनावी मैदानमा जाने निर्णय गरेको हो" क्षेत्रिय सभापति यादवले भने।

२०७० सालको दोस्रो संविधानसभामा यस क्षेत्रबाट नेपाली काँग्रेसका तर्फबाट पूर्व गृहराज्य मन्त्री रामकुमार चौधरी उम्मेदवार थिए। त्यसपछि २०७४ सालमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा काँग्रेसका उम्मेदवार सकलदेव सुतिहारले केन्द्रमा भएको सहमति अनुसार जसपा अध्यक्ष उपेन्द्र यादवलाई समर्थन गरेका थिए। २०७९ मा पाँच दलिय गठबन्धन बन्दा सप्तरी २ लोसपाको भागमा परेको थियो। जसकारण काँग्रेसले उम्मेदवार नै उठाउन पाएनन्।

गठबन्धन र तालमेलको कारण सप्तरी २ बाट काँग्रेसले प्रत्यक्ष तर्फ उम्मेदवार उठाउन नसक्दा यस क्षेत्रका काँग्रेसीमा निराशा छाएको जिल्ला सभापति रामदेव साहले बताए। उनले यो चुनावमा काँग्रेस एक्लै जाने गरेको निर्णयले यहाँका स्थानिय नेता/कार्यकर्तामा उर्जाको सञ्चार भएको प्रतिक्रिया दिए।

विगतमा भएको

*बाँकी दुई पृष्ठमा*

# पन्ध्र जिल्लाको १८ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न

काठमाडौं, १८ माघ (रासस)।

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फको १५ जिल्लाको मतपत्र छपाइको काम सम्पन्न भएको छ। निर्वाचन आयोगका अनुसार हालसम्म कुल १५ जिल्लाको १८ निर्वाचन क्षेत्रको मतपत्र छपाइको काम सम्पन्न भएको छ।

मतपत्र छपाइको काम जनक शिक्षा सामग्री केन्द्र भक्तपुरमा जारी छ। डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, सल्यान, जाजरकोटको प्रत्यक्षतर्फको मतपत्र छपाइको काम सम्पन्न भएको छ।

त्यसैगरी, दैलेख निर्वाचन क्षेत्र नं १ र २, सुर्खेतको १ र २, रुकुमपश्चिम, बाजुरा र अछामको क्षेत्र नं १ र २, कैलाली क्षेत्र नं १, झापा क्षेत्र नं ५ र सुनसरीको क्षेत्र नं १ को प्रत्यक्षतर्फको मतपत्र छपाइको काम सम्पन्न भएको छ।

नमूना मतपत्रतर्फ १० लाख ९८ हजार २०० छपाइ सम्पन्न भएर निर्वाचन क्षेत्रमा पुगिसकेको आयोगले जनाएको छ। समानुपातिकतर्फको दुई करोड आठ लाख ३० मतपत्र छपाइ सम्पन्न भइसकेको छ।

# स्थिर शासन स्थापित गर्न प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति आवश्यक : उपेन्द्र यादव

**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**



जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले देशमा स्थिर शासन स्थापित गर्न प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति आवश्यक रहेको बताएका छन्।

जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीले मात्रै मुलुकमा स्थिर, बलियो र जवाफदेही शासन व्यवस्था स्थापित गर्न सक्ने उनले दाबी गरेका हुन्।

सप्तरी ३ बाट उम्मेदवारी दिएका उनले आइतबार चुनवी अभियानको क्रममा सम्बोधन गर्दै जसपा नेपाल प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली र समानुपातिक समावेशी प्रतिनिधित्वमा आधारित संसदीय संरचनाको पक्षमा जोड दिएका छन्।

"बारम्बार सरकार फेरिने, मन्त्रीहरू बदलिने र नीति तथा योजना अलपत्र पर्ने अवस्था अब सह्य छैन। देशलाई स्थिर, जवाफदेही र जनउत्तरदायी शासन प्रणालीको खाँचो छ। त्यसका लागि जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली अपरिहार्य भइसकेको छ" अध्यक्ष

*बाँकी दुई पृष्ठमा*

# अनावश्यक रूपमा बिरामीलाई 'रिफर' नगर्न अस्पताललाई स्वास्थ्य बीमा बोर्डको निर्देशन

काठमाडौं, १८ माघ (रासस)।

स्वास्थ्य बिमा बोर्डले बिमामा आबद्ध सबै स्वास्थ्य संस्थालाई बिरामीलाई अनावश्यक रिफर (प्रेषण) नगर्न निर्देशन दिएको छ।

बोर्डका सूचना अधिकारी विकेश मल्लले अनावश्यक रिफर गर्दा बिरामीलाई पनि सास्ती हुने र अनावश्यक स्वास्थ्य परीक्षण हुने भएकाले अनावश्यक रिफर नगर्न अस्पताललाई निर्देशन दिइएको बताउनुभयो।

बोर्डले शनिबार सबै सेवा प्रदायक स्वास्थ्य संस्थालाई परिपत्र गर्दै आफ्नो अस्पतालमा उपलब्ध सेवा नजरअन्दाज गरी बिरामीलाई अनावश्यक रिफर नगर्न निर्देशन दिएको हो। "सेवा प्रदायक स्वास्थ्य संस्थाले आफ्नो संस्थामा पर्याप्त सेवा हुँदाहुँदै र हुनुपर्ने सेवा उपलब्ध गर्नुपर्नेमा स्वास्थ्य बिमा ऐन २०७४, स्वास्थ्य बिमा नियमावली २०७५ तथा प्रेषण कार्यविधि २०८० विपरीत अनावश्यक रूपमा प्रेषण गरेको पाइएकाले त्यस्तो नगर्नुहुन अनुरोध छ", परिपत्रमा भनिएको छ।

बोर्डले सेवा उपलब्ध गराउन नसक्ने भएमा प्रेषण पुर्जी भरी त्यस्तो सेवा सुनिश्चित हुने गरी नजिकको स्वास्थ्य संस्थामा पठाउन निर्देशन दिएको छ।

यस्तै, अनावश्यक प्रेषण गरेको पाइएमा दाबी मूल्याङ्कन तथा रुजु गर्दा त्यस्तो सोध भर्ना नगरिनाका साथै त्यस्ता स्वास्थ्य संस्थाको स्वास्थ्य बिमा नियमावली २०७५ अनुसूची ८ को ४ (ग) बमोजिम सम्झौता स्थगन वा रद्द हुने भनि सूचित गरिएको बोर्डका सूचना अधिकारी मल्लले जानकारी दिनुभयो।

**योग गरौं, स्वस्थ जीवन अपनाऔं**

❖नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ।
❖योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ।
❖नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ।
❖बिहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं।
❖योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं।
❖बालबालिका, युवा, वृद्ध सबैका लागि योग लाभदायक छ।
❖योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो।

योग गरौः स्वास्थ्य बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### मौसम परिवर्तनसँगै स्वास्थ्य समस्याबाट जोगिनु जरुरी

मौसममा आएको अचानक परिवर्तनले पछिल्लो समय रुघाखोकी, ज्वरो, टाउको दुखाइ र घाँटी दुख्ने जस्ता समस्या लिएर अस्पताल तथा स्वास्थ्य संस्थामा पुग्नेको संख्या बढ्दो छ। जाडोबाट न्यानो र फेरि अचानक चिसो मौसममा फर्किंदा मानव शरीरले वातावरणसँग छिटो अनुकूलन गर्न नसक्दा यस्ता समस्या देखिने चिकित्सकहरूको भनाइ छ। विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक र दीर्घरोगीहरू बढी प्रभावित भएका छन्।

हावामा बढ्दो धुलो, प्रदूषण, चिसो हावा र कमजोर प्रतिरोधात्मक क्षमताका कारण भाइरस संक्रमण सजिलै फैलिने अवस्था बनेको छ। सामान्य रुघाखोकीलाई बेवास्ता गर्दा निमोनिया, दम र अन्य जटिल स्वास्थ्य समस्या देखिन सक्ने भएकाले यसलाई हल्का रूपमा लिनु हुँदैन। तर धेरैजसो मानिस चिकित्सकको सल्लाह बिना औषधि सेवन गर्ने, न्यानो कपडामा लापरवाही गर्ने र खानपानमा ध्यान नदिने गरेको पाइन्छ, जसले समस्या झनै बढाएको छ।

यस्तो अवस्थामा व्यक्तिगत सरसफाइमा ध्यान दिनु, मास्कको प्रयोग, न्यानो कपडा लगाउनु, तातोपानी पिउनु र पौष्टिक आहार सेवन गर्नु अत्यन्त आवश्यक छ। सामान्य लक्षण देखिनासाथ नजिकको स्वास्थ्य संस्थामा परामर्श लिनु जरुरी हुन्छ। सरकार तथा स्थानीय तहले पनि जनचेतना अभिवृद्धि, स्वास्थ्य संस्थामा औषधि र जनशक्ति व्यवस्थापनमा ध्यान दिनुपर्छ। मौसम परिवर्तनसँगै देखिने यस्ता स्वास्थ्य समस्याबाट जोगिन सचेतना नै सबैभन्दा प्रभावकारी उपाय हो।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# उदयपुर सिमेन्टका तत्कालीन महाप्रबन्धकसहित आठ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ, १८ माघ (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा ठूलो मात्राको क्लिङ्कर हिनामिना भएको प्रकरणमा तत्कालीन महाप्रबन्धकसहित आठ जना उच्चपदस्थ कर्मचारीविरुद्ध विशेष अदालतमा आइतबार भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगले आर्थिक बर्ष २०७४/७५ देखि २०७७ साल पुस मसान्तसम्म योजनाबद्ध रूपमा सार्वजनिक सम्पत्ति दुरुपयोग तथा क्लिङ्कर हिनामिना गरिएको पुष्टि भएकाले मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

आयोगले तत्कालीन महाप्रबन्धक सुरेन्द्रकुमार पौडेल, निमित्त महाप्रबन्धक नवलकिशोर साह, नायब महाप्रबन्धक महेशप्रसाद काफ्ले, उत्पादन महाशाखा प्रमुख सञ्जयकुमार लाल, भण्डार महाशाखा प्रमुख महेशप्रसाद साह, क्लिङ्कर उत्पादन विभाग प्रमुख रवीचन्द्र पौडेल, सिमेन्ट उत्पादन बिभाग प्रमुख हरिप्रसाद अधिकारी तथा बिक्री बिभाग प्रमुख रामबहादुर जिसीविरुद्ध मुद्दा दायर गरेको हो।

आयोगले दायर गरेको मुद्दाअनुसार तत्कालीन महाप्रबन्धक पौडेलविरुद्ध रू १२ करोड ४४ लाख २२ हजार २४२ र नायब महाप्रबन्धक काफ्लेविरुद्ध रू १२ करोड ६३ लाख ६९ हजार १६८ बराबरको बिगो हिनामिनाको दाबीसहित मुद्दा परेको छ। त्यस्तै, निमित्त महाप्रबन्धक साहसहितका अरु व्यक्तिविरुद्ध रू ४६ करोड ५२ लाख ७४ हजार ४२६ बराबरको बिगो दाबीसहित मुद्दा दायर गरेको हो।

आपसी मिलेमतो र योजनाबद्ध बदनियतका साथ आफ्नो जिम्मामा रहेको सार्वजनिक सम्पत्तिको दुरुपयोग गरी उद्योगलाई गम्भीर आर्थिक क्षति पुर्‍याएको अख्तियारद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ। आयोगले उनीहरूविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर कायम गरी बिगो असुल तथा कैद र जरिवानाको मागदाबी लिएको छ।

अनुसन्धानका क्रममा क्लिङ्करको बार्षिक मौज्दात अभिलेख, भौतिक परीक्षण प्रतिवेदन, महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदन तथा उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयको छानबिन प्रतिवेदनलाई आधार बनाइएको अख्तियारले जनाएको छ। ती कागजातअनुसार उद्योगले कागजमा देखाएको मौज्दात र बास्तविक भौतिक मौज्दातबीच अस्वाभाविक र ठूलो अन्तर देखिएको उल्लेख छ।

विज्ञप्तिअनुसार आर्थिक वर्ष २०७४/७५ मा उद्योगको बार्षिक मौज्दात विवरणमा ३३ हजार ९१४ मेट्रिकटन क्लिङ्कर रहेको उल्लेख गरिएको थियो। तर २०७५ असोज १२ गते गरिएको भौतिक परीक्षणबाट ३२ हजार ७८५ मेट्रिकटन मात्र क्लिङ्कर मौज्दात रहेको पाइएको थियो। यसरी एक हजार १२९ मेट्रिकटन क्लिङ्कर घटी देखिएको र त्यसको लागत मूल्य रू एक करोड १४ लाख १० हजार ३४० भन्दाबढी रहेको अख्तियारको निष्कर्ष छ।

त्यस्तै, आर्थिक वर्ष २०७५/७६ मा कागजी अभिलेखअनुसार ४४ हजार ४९५ मेट्रिकटन क्लिङ्कर मौज्दात देखाइए पनि भौतिक परीक्षणमा ३४ हजार २९५ मेट्रिकटन मात्र फेला परेको छ। यस बर्ष मात्र १० हजार २०० मेट्रिकटन क्लिङ्कर हिनामिना भएको र यसको लागत मूल्य रू ११ करोड ३३ लाख ११ हजार ९०२ रुपैयाँ पुगेको अख्तियारले जनाएको छ।

आव २०७६/०७७ मा पनि यस्तै अनियमितता दोहोरिएको देखिएको जनाइएको छ। उक्त वर्ष मौज्दात बिबरणमा ५० हजार ९७५ मेट्रिकटन क्लिङ्कर देखाइए पनि भौतिक परीक्षणमा ३९ हजार ४५० मेट्रिकटन मात्र भेटिएको थियो। यसमध्ये अघिल्लो बर्षका हिसाब कटाएर हेर्दा सो वर्ष मात्र एक हजार ३२५ मेट्रिकटन क्लिङ्कर हिनामिना भएको र यसको लागत मूल्य रू एक करोड ६२ लाख ४६ हजार ७१२ भन्दा बढी रहेको अख्तियारको ठहर छ।

विसं २०७७ साउन १ गतेदेखि पुस मसान्तसम्मको अवधिमा भने अनियमितता झनै गम्भीर देखिएको छ। उक्त अवधिको मौज्दात बिबरणमा ५५ हजार ३८५ मेट्रिकटन क्लिङ्कर देखाइए पनि २०७७ माघ १३ गते गरिएको भौतिक परीक्षणमा १७ हजार ७४५ मेट्रिकटन क्लिङ्कर मात्र मौज्दात रहेको पाइएको थियो। यसरी सो अवधिमा मात्र २६ हजार ११५ मेट्रिकटन क्लिङ्कर घटी देखिएको र यसको लागत मूल्य रू ३२ करोड ४३ लाखभन्दा बढी रहेको अख्तियारले जनाएको छ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेडको सञ्चालक समितिद्वारा गठित उपसमितिले २०७८ फागुन १ गते पेस गरेको प्रतिबेदन तथा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिबेदनलेसमेत ३७ हजार ६४० मेट्रिकटन क्लिङ्कर हिनामिना भएको औँल्याएको थियो।

उक्त प्रतिबेदनमा उद्योगका तत्कालीन महाप्रबन्धकले प्रचलित कानुनअनुसार आफ्नो कर्तब्य पूरा नगरेको र सम्पूर्ण जिम्मेवारी उनीहरूले लिनुपर्ने उल्लेख गरिएको थियो। यसै आधारमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले गरेको छुट्टै छानबिनबाट पनि २०७४ साउनदेखि २०७७ पौष मसान्तसम्म क्लिङ्कर उत्पादन, खपत र मौज्दातको अनुपात असामान्य देखिएको निष्कर्ष निकालिएको थियो। यी सबै तथ्य र प्रमाणका आधारमा अख्तियारले प्रतिवादीहरूले सार्वजनिक सम्पत्ति हिनामिना, हानि-नोक्सानी तथा मास्ने कार्य गरेको ठहर गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको हो। आयोगले बिगो बराबरको रकम असुलउपर गरी भ्रष्टाचार निवारण ऐनअनुसार कैद र जरिवानाको सजाय मागदाबी लिएको छ।

# प्रतिनिधिसभा निर्वाचन : वास्तविक मतपत्रको नमूना सार्वजनिक गर्न सुरु

काठमाडौँ, १८ माघ (रासस)।

निर्वाचन आयोगले कर्णाली र सुदूरपश्चिम प्रदेशका जिल्लाबाट वास्तविक मतपत्रको नमूना सार्वजनिक गर्न सुरु गरेको छ। कर्णाली प्रदेशको सल्यान, डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट र रुकुमपश्चिममा एउटा मात्र निर्वाचन क्षेत्र छन् भने दैलेख र सुर्खेतमा दुईवटा निर्वाचन क्षेत्र छन्।

ती जिल्लाको वास्तविक मतपत्रको नमूनासमेत सार्वजनिक गरिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले बताउनुभयो। सुदूरपश्चिम प्रदेशको बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी र डडेल्धुरामा एउटा मात्र निर्वाचन क्षेत्र रहेका छन् भने अछाममा दुई, कञ्चनपुरमा तीन र कैलालीमा पाँच निर्वाचन क्षेत्र रहेका छन्। ती सबै निर्वाचन क्षेत्रको वास्तविक मतपत्रको नमूनासमेत आयोगले सार्वजनिक गरिएको उहाँले जानकारी दिनुभयो।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि विभिन्न जिल्ला र निर्वाचन क्षेत्रको मतपत्रको नमूना सार्वजनिक गर्ने क्रम जारी रहेको आयोगले जनाएको छ। आयोगले सातवटै प्रदेश मातहतका जिल्लाका मतपत्रको नमूना सार्वजनिक गरिसकेको छ। आयोगले एउटा मात्र निर्वाचन क्षेत्र भएका जिल्लाको एक प्रकारको र एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाको अर्को प्रकारको मतपत्रको नमूना सार्वजनिक गरेको हो।

उम्मेदवारको सङ्ख्याका आधारमा पनि मतपत्रको नमूना तयार पारिएको आयोगले प्रस्ट पारेको छ। उम्मेदवार धेरै भएका निर्वाचन क्षेत्रका मतपत्रको आकार तुलनात्मक रूपमा ठूलो र कम उम्मेदवार भएका निर्वाचन क्षेत्रको हकमा भने सानो मतपत्र रहने जनाइएको छ। सबैभन्दा धेरै निर्वाचन क्षेत्र भएको काठमाडौँमा उम्मेदवार पनि बढी भएकाले मतपत्रको आकार ठूलो हुने आयोगका सहायक प्रवक्ता जिसीले बताउनुभयो।

आयोगका अनुसार अन्य जिल्लामा पनि वास्तविक मतपत्र क्रमशः सार्वजनिक गर्दै जाने छ। जनक शिक्षा सामग्री केन्द्रले मतपत्र छपाइको काम जारी रहेको जनाएको छ। आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रको छपाइ सम्पन्न भइसकेको जनाएको छ।

त्यसैगरी, आयोगले विभिन्न जिल्लाका विभिन्न निर्वाचन क्षेत्रको नमूना मतपत्र तयार पारेर निर्वाचन सचेतनाको कार्यक्रम पनि अगाडि बढाएको छ। मतदाता सचेतना कार्यक्रमका लागि तयार पारिएको नमूना मतपत्र विभिन्न मतदान केन्द्र मातहत पुर्‍याउने काम पनि अगाडि बढेको आयोगका सहायक प्रवक्ता जिसीले बताउनुभयो।

### स्थिर ...

यादबले भने।

संसदीय अभ्यासमा गठबन्धन सरकारहरूको अस्थिरताले बिकास निर्माण, सुशासन र आर्थिक सुधारलाई गम्भीर असर पारेको उल्लेख गर्दै उनले पाँच वर्षे कार्यकाल पूरा गर्न नसक्ने सरकार, सत्ताको जोडघटाउमा अल्झिने राजनीति र नीतिगत निरन्तरताको अभावकै कारण जनतामा गहिरो निराशा बढेको तर्क राखे।

पूर्ण समानुपातिक निर्वाचन प्रणाली र समावेशी प्रतिनिधित्वमा जसपा नेपालले जोड दिदै आएको भन्दै उनले यस्तो प्रणालीबाट मात्रै मधेशी, आदिवासी जनजाति, दलित, महिला, थारु, मुस्लिम, पिछडिएको क्षेत्र तथा सीमान्तकृत समुदायको न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्ने विश्वास व्यक्त गरे।

शासन व्यवस्थाकै त्रुटिले गर्दा विगतमा दर्जनौं सरकार परिवर्तन भएको स्मरण गर्दै अध्यक्ष यादवले धेरै सरकारले एक वर्ष पनि पुरा गर्न नसक्दा यसले अर्थतन्त्र, लगानीको वातावरण र प्रशासनिक स्थायित्वमा नकारात्मक प्रभाव पारेको उल्लेख गरे।

### सप्तरी ...

गठबन्धनको राजनीतिले काँग्रेसलाई फाइदा भन्दा पनि नोक्सान पुर्‍याएको नेपाली काँग्रेसका केन्द्रिय सदस्य दिनेश कुमार यादवले बताए। उनले गठबन्धनका कारण पार्टीको अस्तित्व नै संकटमा पर्दै गएको भन्दै यसपालि काँग्रेस एक्लै चुनावमा होमिएको र ४ वटै क्षेत्रमा एक्लै जित्न सक्ने सम्भावना रहेको दावी समेत गरे।

२०७९ को प्रतिनिधिसभा निर्वाचनमा सप्तरीको ३ र ४ नम्बरमा क्रमशः दिनेशकुमार यादव र तेजुलाल चौधरी बिजयी भएका थिए। क्षेत्र नं. २ मा गठबन्धनका उम्मेदवार लोसपाका जयप्रकाश ठाकुरलाई समर्थन गर्दै काँग्रेसको तर्फबाट उम्मेदवारी परेको थिएन्।

यसक्षेत्रमा काँग्रेका रामकुमार यादव संगै जनमतका राष्ट्रिय अध्यक्ष डा. सिके राउत, जसपा नेपालका उमेश प्रसाद यादव, रास्वपाका रामजी यादव, राष्ट्रिय मुक्ति पार्टीका अनिस अन्सारी, नेपाल जनता पार्टीका रञ्जु ठाकुर, स्वाभिमान पार्टीका सतिश कुमार सिंह, उज्यालो नेपाल पार्टीका डा. दिपक चौधरी, नेपाली कम्युनिष्ट पार्टीका सुर्यनाथ यादव मुख्य प्रतिस्पर्धामा देखिएका छन्। यस क्षेत्रमा कुल १ लाख ५ हजार ९ सय २२ जना मतदाता छन्।

# गैरबैङ्किङ वित्तीय संस्थाका लागि छुट्टै नियामक निकाय गठन गरिने

काठमाडौं, १८ माघ (रासस)।

कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषजस्ता मुलुकका प्रमुख गैरबैङ्किङ वित्तीय संस्थाहरूको नियमन र अनुगमनका लागि छुट्टै विशिष्टीकृत नियामक निकाय गठन गरिने भएको छ। पाँचवर्षे वित्तीय क्षेत्र विकास रणनीति (आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७) ले गैरबैङ्किङ वित्तीय संस्थाको स्थापना, सञ्चालन र नियमनका लागि अलग्गै संस्थागत संयन्त्र विकास गर्ने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको हो।

गत पुस २८ गते बसेको मन्त्रिपरिषद् बैठकले उक्त रणनीति स्वीकृत गरिसकेको छ। उक्त रणनीतिले मुलुकको वित्तीय प्रणालीलाई सबल, सुदृढ र समावेशी बनाउँदै दीर्घकालीन आर्थिक समृद्धिमा योगदान पुर्‍याउने लक्ष्य लिएको छ।

नेपालको वित्तीय प्रणालीमा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन्। सरकारी, सार्वजनिक, निजी तथा स्वरोजगार क्षेत्रमा संलग्न लाखौं नागरिकको बचत, निवृत्तिभरण र सामाजिक सुरक्षा योगदान यी कोषमा सङ्कलन हुँदै आएको छ। यी कोषमार्फत सङ्कलित दीर्घकालीन पुँजी पूर्वाधार विकास, पुँजी बजार, सरकारी ऋणपत्र तथा विभिन्न लगानी उपकरणमा परिचालन हुनुका साथै ठूलो वित्तीय भार व्यवस्थापन गरिरहेका यी संस्था स्पष्ट र एकीकृत नियामकीय संरचनाबाट बाहिर छन्।

हालसम्म नेपाल राष्ट्र बैङ्क, बैङ्क तथा वित्तीय संस्थाको नियामकका रूपमा रहे पनि गैरबैङ्किङ सामाजिक सुरक्षा कोष प्रत्यक्ष राष्ट्र बैङ्कको नियमनमा परेका छैनन्। अर्कोतर्फ, अर्थ मन्त्रालयको मातहत रहेर सञ्चालन हुँदै आएका यी कोषको नियमन, अनुगमन र जोखिम व्यवस्थापनमा संस्थागत कमजोरी बढ्दै जान थालेको देखिन्छ। यही सन्दर्भलाई सम्बोधन गर्दै पाँचवर्षे वित्तीय क्षेत्र विकास रणनीतिले गैरबैङ्किङ वित्तीय संस्थाहरूका लागि छुट्टै नियामक संयन्त्र गठन गर्ने प्रस्ताव अघि सारेको हो।

रणनीतिले दिगो र समावेशी आर्थिक विकासलाई केन्द्रमा राख्दै नागरिक तथा राष्ट्रसेवक कर्मचारीको सामाजिक सुरक्षासम्बन्धी वित्तीय दायित्व व्यवस्थापनका लागि एकीकृत प्रणाली निर्माण गर्ने लक्ष्य राखेको छ। बचतलाई बढी उत्पादक क्षेत्रमा लगानी गर्ने, सामाजिक सुरक्षाको एकीकृत प्रणाली निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने तथा योगदानमा आधारित सामाजिक सुरक्षा योजना सञ्चालन गर्न आवश्यक कानुनी सुधार गर्ने विषय रणनीतिमा समेटिएका छन्।

हाल सामाजिक सुरक्षा कार्यक्रम विभिन्न कोषमार्फत छरिएर सञ्चालन हुँदा दोहोरोपन, प्रशासनिक खर्च वृद्धि र सेवा प्रवाहमा जटिलता देखिएको छ। यसलाई अन्त्य गर्न योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई एकीकृत प्रणालीमार्फत सञ्चालन गर्ने योजना अघि सारिएको हो।

रणनीतिले सामाजिक सुरक्षा कार्यक्रमको दायरा विस्तारलाई विशेष प्राथमिकतामा राखेको छ। हाल सञ्चालनमा रहेका कोषहरूको कार्यक्रममा नसमेटिएका सरकारी, सार्वजनिक, निजी तथा असङ्गठित क्षेत्रका श्रमिक, स्वरोजगारमा रहेका व्यक्ति र वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सामाजिक सुरक्षा प्रणालीमा समेट्ने अध्ययन गरिने उल्लेख छ।

विशेषगरी वैदेशिक रोजगारीमा रहेका श्रमिक तथा स्वरोजगारमा संलग्न व्यक्तिको योगदान नियमित गर्न भुक्तानीमा गेटवे (इ-कमर्स वेबसाइट वा एपहरूमा अनलाइन भुक्तानी स्वीकार गर्ने एक सुरक्षित सेवा) प्रणालीको पहुँच र सरलीकरण गरिने रणनीतिमा उल्लेख छ। यसले सामाजिक सुरक्षालाई सीमित वर्गको सुविधा नभई व्यापक नागरिक अधिकारका रूपमा विकास गर्ने अपेक्षा लिएको छ।

रणनीतिमा गैरबैङ्किङ वित्तीय कोषहरूको लगानी विविधीकरणलाई अर्को महत्त्वपूर्ण सुधारका रूपमा प्रस्तुत गरिएको छ। कोषहरूमा सङ्कलित बचतलाई बजारको मागअनुसार अल्पकालीन र दीर्घकालीन वित्तीय उपकरणमा लगानी गर्न कानुनी तथा नीतिगत व्यवस्था मिलाइने उल्लेख छ।

विशेषीकृत लगानी कोष र प्राइभेट इक्विटी फन्ड (उच्च नेटवर्थ भएका लगानीकर्ता) जस्ता क्षेत्रमा कोषलाई लगानी गर्न दिने व्यवस्था, सामाजिक सुरक्षा कार्यक्रममा सहभागी नागरिकका लागि आवासलगायत आधारभूत आवश्यकतासँग जोडिएका परियोजनामा लगानी विस्तार तथा कोषहरूको सहभागितामा आवास परियोजना विकास गर्ने योजनाले दीर्घकालीन पुँजी परिचालनलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

यसैगरी, पुँजी बजार विकासमा योगदान पुर्‍याउन बन्दमुखी सामूहिक कोष, 'पोर्टफोलियो म्यानेजमेन्ट सर्भिस' लगायत माध्यमबाट लगानी विविधीकरण गरिने रणनीतिमा उल्लेख छ। सामाजिक सुरक्षा कार्यक्रमको आवश्यकता, औचित्य, महत्व र नागरिकको कर्तव्यसम्बन्धी विषय समेटेर वित्तीय साक्षरता तथा सचेतना कार्यक्रम सञ्चालन गरिने विषयसमेत रणनीतिमा राखिएको छ।

साथै, गैरबैङ्किङ वित्तीय संस्थाहरूको नियमन र अनुगमनका लागि संस्थागत संयन्त्र विकास गर्ने, सहभागीको हित संरक्षणका लागि आचरणसम्बन्धी व्यवस्था गर्ने, सम्झौतामा सम्भावित जोखिम, सुविधा दाबी प्रक्रिया र गुनासो सुनुवाइ प्रणाली स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था गर्ने रणनीतिले ग्राहक संरक्षणलाई नीतिगत प्राथमिकतामा राखेको देखिन्छ।

रणनीतिले विद्यमान कोषको भूमिका, कार्यक्षेत्र र जिम्मेवारी स्पष्ट पार्न सम्बन्धित ऐन संशोधन गर्ने, दोहोरोपन भएका कार्यक्रम एकीकृत गर्ने प्रस्ताव गरेको छ। आधुनिक सूचना प्रविधिको प्रयोगमार्फत सबै सेवा एउटै पोर्टलबाट उपलब्ध गराउने, बिमा, पेन्सन र ऋणलगानी सेवा एकीकृत गर्ने लक्ष्य पनि समेटिएको छ।

गैरबैङ्किङ वित्तीय क्षेत्रमा अहिले सबैभन्दा संवेदनशील पक्ष भनेको संस्थागत सुशासन र जोखिम व्यवस्थापनको देखिन्छ। रणनीतिले वित्तीय, परिचालन, बजार तथा सामाजिक सुरक्षासम्बन्धी जोखिम पहिचान, मूल्याङ्कन र न्यूनीकरण गर्ने समग्र जोखिम व्यवस्थापन ढाँचा लागू गर्ने उल्लेख गरेको छ। साथै, आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी कोषहरूको वित्तीय अवस्था, लगानी, प्रशासनिक खर्चलगायत विवरण नियमित सार्वजनिक गर्नुपर्ने व्यवस्था गर्ने भनिएको छ।

# सत्तरी वर्षमाथिका सहयोगापेक्षी ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा दिन सर्वेक्षण गरिँदै

काठमाडौँ, १८ माघ (रासस)।

काठमाडौं महानगरपालिकाले ७० वर्षमाथिका सहयोगापेक्षी ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा दिने उद्देश्यले आइतबारदेखि सर्वेक्षण सुरु गर्ने भएको छ। सत्तरी वर्षमाथिका ज्येष्ठ नागरिकलाई घरमै आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रमअन्तर्गत कामपाले उहाँहरूको स्वास्थ्य अवस्था सर्वेक्षणको काम सुरु गर्न लागेको हो।

कामपाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोलले सर्वेक्षणका लागि घरघरमा जाने नर्सिङ कर्मचारीका लागि तालिमपछि स्वास्थ्य परीक्षण गर्ने सामग्री, औषधि र सर्वेक्षण गर्ने ट्याबलेटसहितका साधन प्रदान गरिएको जानकारी दिनुभयो। सर्वेक्षणमा जाने स्वास्थ्यकर्मीसँग छलफल गर्दै उहाँले अपेक्षित नतिजा सङ्कलन प्रभावकारी रूपमा गर्न अनुरोध गर्नुभयो।

कार्यवाहक प्रमुख डङ्गोलले भन्नुभयो, "यो तपाईंहरूको पदीय जिम्मेवारी मात्र होइन। मानवीय सेवाका लागि गरिने काम पनि हो। त्यसैले जिम्मेवारी पूरा गर्न मात्र नभई कोही नभएका ज्येष्ठ नागरिकमा हाम्रा लागि पनि कोही छ भन्ने महसुस गराउन पनि मनदेखि दायित्व निर्वाह गर्नुहोला।" उहाँले प्रभावकारी रूपमा तथ्याङ्क सङ्कलनमा जोड दिँदै भन्नुभयो, "आपत् टार्ने पैसा नहुँदा, अप्ठ्यारो पर्दा साथ दिने कोही नहुँदा तपाईंले सोचेको जस्तो व्यवहार ज्येष्ठ नागरिकबाट प्राप्त नहुन सक्छ। यसलाई स्वाभाविक ठान्नु। उहाँहरूलाई सम्झाउनु तथा बुझाउनु, सहज वातावरण बनाएर काम गर्नु हाम्रो कर्तव्य हो।"

आर्थिक अवस्था कमजोर भएका, कोही नभएका, सम्पत्ति भए पनि सहयोग गर्ने परिवारका सदस्य कोही नभएका ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकतामा राखेर घरमै सेवा दिने लक्ष्यसहित सर्वेक्षण थालिएको डङ्गोलले जानकारी दिनुभयो। उहाँका अनुसार शारीरिक अशक्तता भएका, दीर्घ रोगका कारण हिँडडुल गर्न नसक्ने तथा स्वास्थ्य उपचारका लागि नियमित स्वास्थ्य संस्थामा जान नसक्ने ज्येष्ठ नागरिकको नियमित जाँच गर्न तथा उपचार गर्न घरमै स्वास्थ्यकर्मी पठाउने र आधारभूत सेवा उपलब्ध गराउने उद्देश्यसहित सर्वेक्षणको प्रारम्भ भएको हो।

कामपाले सर्वेक्षणमा जाने नर्सिङ कर्मचारीलाई पाँच दिनको अभिमुखीकरण तालिम दिनुका साथै सर्वेक्षणको क्रममा स्वास्थ्य जाँच गर्ने साधन र आवश्यक उपकरण प्रदान गरिसकेको छ। सेवासँगै मानसिक र सामाजिक अवस्था बलियो बनाउन घरपरिवार भेटघाट तथा संवाद कार्यक्रम सञ्चालन हुँदै आएको छ भने दीर्घरोग नियन्त्रण गर्ने प्रयास गरिँदै आइएको स्वास्थ्य विभागका प्रमुख दीपक केसीले जानकारी दिनुभयो।

## पख्नुस्

आज ढिलो भएछ हजुर
मैले तपाईंको काम गर्न सक्दिन
पख्नुस्, पख्नुस् भनेर
मैले तपाईंलाई सधैं गिज्याउन सक्दिन।

आज पर्खनुहोला, भोली रुक्नुहोला
सधैं यसरी गर्दा गर्दै
तपाईंले आफ्नो कामको सिलसिलामा
हाकिम सित भेट्नु होला

पैसामा काम गराउनको लागि सबैलाई पर्खनुपर्छ
हाकिमको कुरा सुनेर सबैलाई अफिसमा बस्नुपर्छ
विना पैसा हाकिमले कुनै पनि काम गर्दैन
जनताको काम नगर्ने हाकिमलाई लाज पनि हुँदैन।

आज विदा छ हजुर
मैले तपाईंको काम गर्न सक्दिन
पर्खनुस्, पर्खनुस् भनेर
मैले तपाईंलाई सधैं गिज्याउन सक्दिन।

— — — — — — — — — — — — — — — —

**नाम :- मुकेश साह**
कक्षा :- १० (दश)
**स्कूल प्राईम होलीक्रस एकेडेमी राजविराज-७, सप्तरी**

# विश्व समाचार

## पाँच दशकपछि नासाको मानवसहित चन्द्र यात्रा तयारी अन्तिम चरणमा

केप क्यानाभेरल, १८ माघ (रासस/एपी)।

नासाले पाँच दशकभन्दा बढी समयपछि पहिलो पटक अन्तरिक्ष यात्रीसहित चन्द्रमातर्फ प्रक्षेपण गर्ने ऐतिहासिक मिसनका लागि तयारी तीव्र बनाएको छ। अमेरिकाको फ्लोरिडास्थित केप क्यानाभेरलमा नासाले शनिबार दुईदिने अभ्यासात्मक काउन्टडाउन (प्र्याक्टिस काउन्टडाउन) सुरु गरेको हो, जसले नयाँ चन्द्र रकेटमा इन्धन भर्ने प्रक्रियासम्म पुग्ने तयारी परीक्षण गर्नेछ। यो परीक्षण सफल भएमा चार जना अन्तरिक्ष यात्रीलाई चन्द्रमाको वरिपरि घुमाएर पृथ्वी फर्काउने मिसनको प्रक्षेपण मिति तय हुने नासाले जनाएको छ। कमाण्डर रिड वाइजम्यानको नेतृत्वमा रहेका अन्तरिक्ष यात्रीहरू हाल स्वास्थ्य सुरक्षाका लागि क्वारेन्टिनमा छन्। उहाँहरू सन् १९७२ पछि चन्द्रमातर्फ यात्रा गर्ने पहिलो मानव टोली हुनेछन्। अन्तरिक्ष यात्रीहरूले टेक्सासको ह्युस्टनस्थित नासा केन्द्रबाट अभ्यास प्रक्रियाको निगरानी गर्नेछन् र रकेट उडानका लागि स्वीकृत भएपछि केनेडी स्पेस सेन्टरतर्फ प्रस्थान गर्नेछन्। तीन सय २२ फिट अग्लो 'स्पेस लन्च सिस्टम' रकेट दुई साताअघि नै प्रक्षेपण स्थलमा सारिएको थियो।

यदि सोमबार हुने इन्धन भर्ने परीक्षण सफल भएमा नासाले एक साताभित्र प्रक्षेपण गर्ने तयारी गर्न सक्ने जनाएको छ। परीक्षणका क्रममा रकेटमा सात लाख ग्यालोनभन्दा बढी अत्यन्त चिसो इन्धन भरिनेछ, जुन इन्जिन प्रज्वलन हुनुभन्दा करिब ३० सेकेन्डअघिसम्म पुगेर रोकिनेछ। यसअघि अत्यधिक चिसो मौसमका कारण इन्धन परीक्षण र प्रक्षेपण तालिका दुई दिन पछि सरेको थियो। हालका अनुसार फेब्रुअरी ८ सबैभन्दा चाँडो सम्भावित प्रक्षेपण मिति हो। 'ओरियन' क्याप्सुलमा सवार अमेरिकी र क्यानाडाली अन्तरिक्ष यात्रीहरू चन्द्रमाको वरिपरि घुमेर बिना अवतरण पुनः पृथ्वी फर्कनेछन्। करिब १० दिन लामो यस मिसनको अन्त्य प्रशान्त महासागरमा अवतरण (स्प्ल्यासडाउन) भएर हुनेछ। यसअघि अपोलो कार्यक्रमअन्तर्गत सन् १९६८ देखि १९७२ सम्म नासाले २४ जना अन्तरिक्ष यात्रीलाई चन्द्रमातर्फ पठाएको थियो, जसमा १२ जनाले चन्द्र सतहमा पाइला टेकेका थिए।

## अमेरिकामा ट्रम्प प्रशासनको नयाँ नीति: स्थानीय सहकार्य बिना संघीय कारबाही हुँदैन

वासिङटन, १८ माघ (रासस/एपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले केही शहरहरूमा भइरहेका प्रदर्शनका क्रममा स्थानीय निकायले अनुरोध नगरेसम्म सङ्घीय सरकारले हस्तक्षेप नगर्ने बताउनुभएको छ। शनिबार वासिङ्टनमा बोल्दै ट्रम्पले गृहमन्त्री क्रिस्टी नोएमलाई स्पष्ट निर्देशन दिइएको उल्लेख गर्दै सङ्घीय सहायता आवश्यक परेमा मात्र हस्तक्षेप गरिने बताउनुभयो। आप्रवासन नीतिमा कडाइ गरेपछि उहाँको प्रशासनको व्यापक आलोचना भइरहेका बेला ट्रम्पको उक्त अभिव्यक्ति आएको हो। सामाजिक सञ्जालमार्फत प्रतिक्रिया जनाउँदै ट्रम्पले कमजोर रूपमा सञ्चालित शहरहरूमा भइरहेका प्रदर्शन तथा दङ्गामा सङ्घीय निकायले सहभागी नहुने स्पष्ट पार्नुभयो। तर, सङ्घीय सरकारी भवनमाथि आक्रमण भएमा ती संरचनाको कडा सुरक्षा गरिने उहाँले बताउनुभयो। उहाँले सङ्घीय सम्पत्तिको सुरक्षाका लागि आप्रवासन तथा सीमा सुरक्षा निकायलाई पनि कडा रूपमा परिचालन गर्न निर्देशन दिएको जनाउनुभयो। यसअघि ट्रम्प प्रशासनले वासिङ्टन, लस एन्जलस, शिकागो र पोर्टल्यान्डजस्ता शहरहरूमा नेशनल गार्ड तथा सङ्घीय सुरक्षाकर्मी तैनाथ गरिसकेको थियो।

तर पछिल्लो निर्णय त्यस्ता कदमविरुद्ध विरोध बढ्दै गएको सन्दर्भमा आएको हो। मिनेसोटाका महान्यायाधिवक्ता किथ एलिसन तथा मिनियापोलिस र सेन्ट पलका मेयरहरूले सङ्घीय आप्रवासन कारबाहीले संवैधानिक अधिकार उल्लङ्घन गरेको आरोप लगाउँदै कानुनी चुनौती दिनुभएको छ। यद्यपि सङ्घीय न्यायाधीशले मुद्दा विचाराधीन रहँदै आप्रवासन कारबाही तत्काल रोक्न अस्वीकार गर्नुभयो। न्याय विभागले उक्त मुद्दालाई कानुनी रूपमा कमजोर र निराधार भनेको छ। जनवरी महिनामा मिनियापोलिसमा संघीय अधिकारीद्वारा दुई व्यक्तिको गोली हानी मृत्यु भएपछि अवस्था झनै संवेदनशील बनेको छ। ती घटनापछि मिनेसोटासहित देशभर हजारौं मानिस सडकमा उत्रिएर सङ्घीय कारबाहीविरुद्ध प्रदर्शन गरेका छन्। ट्रम्प प्रशासनका सीमा मामिला प्रमुख टम होमनले राज्य तथा स्थानीय सरकारले सहकार्य गरेमा मिनेसोटामा आप्रवासन सुरक्षाकर्मीको सङ्ख्या घटाउन सकिने सङ्केत पनि दिनुभएको छ, जसलाई त्यहाँको तनाव कम गर्ने प्रयासका रूपमा हेरिएको छ।

## ९२ आतंकवादी मारिए

इस्लामाबाद, १८ माघ (रासस/सिन्ह्वा)।

पाकिस्तानका सुरक्षा बल तथा कानून प्रवर्तन निकायहरूले बलोचिस्तान प्रान्तमा आतङ्कवादी गतिविधि असफल पार्दै शनिबार ९२ आतङ्कवादी मारिएको घोषणा गरेका छन्। उक्त अपरेशन प्रान्तभर आतङ्क फैलाउने योजना रोक्न र स्थानीय जनजीवन तथा विकासमा सुरक्षा सुनिश्चित गर्न गरिएको थियो। सैनिक प्रवक्ताका अनुसार, आतङ्कवादीहरूले ग्वादर, खारण र अन्य जिल्लामा विभिन्न आक्रमणको योजना बनाएका थिए। यस्ता आक्रमणले स्थानीय जनजीवन सङ्कटमा पार्ने र क्षेत्रीय विकासमा बाधा पुर्‍याउने खतरा थियो। सुरक्षा अपरेशनको क्रममा ग्वादर र खारणमा १८ निर्दोष नागरिकको मृत्यु भएको छ भने १५ सैनिक शहीद भएका छन्। पाकिस्तान सैन्य प्रवक्ताले भन्नुभयो,"गत दुई दिनमा सम्पन्न सफल अभियानपछि बलोचिस्तानमा जारी अपरेशनमा मारिएका आतङ्कवादीको सङ्ख्या १३३ पुगेको छ। यसमा शुक्रबार मारिएका ४१ आतङ्कवादी पनि समावेश छन्। हाम्रो लक्ष्य आतंकवादीहरूको दुष्ट योजना असफल बनाउनु हो।" सैन्य अधिकारीहरूले थप जानकारी दिँदै प्रभावित क्षेत्रमा सुरक्षा र सफाइ अपरेशन निरन्तर जारी राखिने र आतङ्कवादी गतिविधिमा संलग्न सबै अपराधी र सहयोगीहरूलाई न्यायको कठघरामा ल्याइने भनेका छन्।

# बोदेबरसाईनमा नेपाली काँग्रेसको कार्यकर्ता भेला तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न





**दैनिक समाचारदाता**
**राजबिराज, १८ माघ ।**

नेपाली काँग्रेस बोदेबरसाईन नगर समितिको आयोजनामा कार्यकर्ता भेला तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा विभिन्न राजनीतिक दल परित्याग गरी दर्जनौँ नेता-कार्यकर्ता नेपाली काँग्रेसमा प्रवेश गरेका छन् । बोदेबरसाईन नगरपालिका वडा नम्बर-७ का शिवनन्दन यादवले जनता समाजवादी पार्टी (जसपा) नेपाल परित्याग गरी नेपाली काँग्रेसमा प्रवेश गरेका हुन । यादव २०७४ र २०७९ सालको स्थानीय तह निर्वाचनमा जसपाबाट वडा नम्बर ७ मा उम्मेदवार भई झिनो मतान्तरले पराजित भएका थिए ।

उनीसंगै उनका उनकासमर्थकहरु पनि काँग्रेसमा प्रवेश गरेका छन् । यसैगरी वडा नम्बर ७ तथा वडा नम्बर १० बाट पनि विभिन्न पार्टी परित्याग गरि नेपाली काँग्रेसमा प्रवेश गरेका छन् ।

सोही क्रममा स्थानिय किशोर कुमार यादवले नेपाली कम्युनिष्ट पार्टी परित्याग गरी काँग्रेसमा प्रवेश गरेका हुन् । उनको नेतृत्वमा दिलिप कुमार यादव, रुपेश यादव, रविन्द्र यादव, रामा दास, चन्द्र नारायण यादवसहित १८ जना काँग्रेसमा प्रवेश गरेका हुन् ।

त्यस्तै, बोदेबरसाईन नगरपालिका वडा नम्बर ६ का ब्रह्मदेव महतोले नेकपा एमाले परित्याग गरी नेपाली काँग्रेसमा प्रवेश गरेका छन् ।

सोही भेलाले इन्जिनियर दनालाल यादवको नेतृत्वमा नगरस्तरीय चुनावी प्रचार-प्रसार समिति समेत गठन गरेको छ ।

कार्यक्रम नेपाली काँग्रेस बोदेबरसाईन नगर सभापति इन्जिनियर दिपेन्द्र यादवको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा पार्टीका उल्लेख्य नेता तथा कार्यकर्ताहरुको उपस्थितिमा भएको कार्यक्रममा सो क्षेत्रबाट नेपाली काँग्रेसका उमेदवार तेजुलालाई चौधरीले भेलालाई सम्बोधन गर्दै जेनजीको माग सम्बोधन गर्न विशेष महाधिवेशबाट नीति र नेतृत्व परिवर्तन गरेर काँग्रेस चुनावमा आएको बताए ।

उनले जेनजीको मुद्दालाई सम्बोधन गर्ने एकमात्र आफ्नो पार्टी भएकाले नेपाली काँग्रेसको रुख चिन्हमा मतदान गर्न आग्रह गरे । सप्तरी क्षेत्र नम्बर ४ बाट यसअघि तीन पटक काँग्रेसबाट प्रतिनिधिसभा सदस्य निर्वाचन जितेका चौधरी चौथो पटक पनि उम्मेदबारी दिएका छन् ।

# वीरगन्ज हुँदै छ महिनामा सात अर्ब ६४ करोडको दलहन भित्रियो

पर्सा, १८ माघ (रासस) ।

वीरगन्ज हुँदै चालु आर्थिक वर्षको छ महिनामा रु सात अर्ब ६४ करोड मूल्यपर्ने सात थरिका दलहनजन्य खाद्यान्न भित्रिएको छ । गत आर्थिक वर्षको छ महिनामा रु एक अर्ब ८० करोड बढी मूल्यको दलहन खाद्यान्न भित्रिएको हो ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह बिष्टले गत आवको छ महिनाको तुलनामा चालु आवको छ महिनामा ३१ प्रतिशतले आयात बढेको बताउनुभयो । जबकि गत आवको छ महिनामा भने सात थरिका दलहन खाद्यान्न रु पाँच अर्ब ८३ करोडको आयात भएको थियो । चालु आवको छ महिनामा रु तीन अर्ब ८२ करोडको मुसुरो दाल आयात भएको छ ।

त्यस्तै सोही अवधिमा रु एक अर्ब १७ करोड मूल्य पर्ने सिमी/राज्मा आयात भएको छ । चालु आवको छ महिनामा रु एक अर्ब १४ करोड मूल्यको चना आयात भएको छ ।

त्यसैगरी, रु एक अर्ब मूल्यको अन्य गेडागुडी आयात भएको छ । रू २७ करोडबराबर रहरको दाल र रु १६ करोड मूल्यको केराउ आयात भएको छ । त्यस्तै रु पाँच करोड १० लाख मूल्यका बकुल्लाको आयात भएको छ ।


# वीरगन्ज हुँदै छ महिनामा सात अर्ब ६४ करोडको दलहन भित्रियो

पर्सा, १८ माघ (रासस) ।

वीरगन्ज हुँदै चालु आर्थिक वर्षको छ महिनामा रु सात अर्ब ६४ करोड मूल्यपर्ने सात थरिका दलहनजन्य खाद्यान्न भित्रिएको छ । गत आर्थिक वर्षको छ महिनामा रु एक अर्ब ८० करोड बढी मूल्यको दलहन खाद्यान्न भित्रिएको हो ।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले गत आवको छ महिनाको तुलनामा चालु आवको छ महिनामा ३१ प्रतिशतले आयात बढेको बताउनुभयो । जबकि गत आवको छ महिनामा भने सात थरिका दलहन खाद्यान्न रु पाँच अर्ब ८३ करोडको आयात भएको थियोमयरु । चालु आवको छ महिनामा रु तीन अर्ब ८२ करोडको मुसुरो दाल आयात भएको छ ।

त्यस्तै सोही अवधिमा रु एक अर्ब १७ करोड मूल्य पर्ने सिमी/राज्मा आयात भएको छ । चालु आवको छ महिनामा रु एक अर्ब १४ करोड मूल्यको चना आयात भएको छ ।

त्यसैगरी, रु एक अर्ब मूल्यको अन्य गेडागुडी आयात भएको छ । रू २७ करोडबराबर रहरको दाल र रु १६ करोड मूल्यको केराउ आयात भएको छ । त्यस्तै रु पाँच करोड १० लाख मूल्यका बकुल्लाको आयात भएको छ ।


# सर्लाहीमा सवारी दुर्घटनामा २९ जनाको मृत्यु, १ सय ९० घाइते

सर्लाही, १८ माघ (रासस) ।

सवारी दुर्घटनामा परी सर्लाहीमा चालु आर्थिक वर्षको छ महिनामा २९ जनाको मृत्यु भएको छभने १९० जना गम्भीर घाइते भएका छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक अशोक साहका अनुसार यस अवधिमा सानाठूला चारपाङ्ग्रे सवारी र मोटरसाइकल गरी ६४१ वटा दुर्घटना भएको छ ।

दुर्घटनामा ज्यान गुमाउनेमध्य अधिकांश मोटरसाइकल चालक र सवार व्यक्ति छन् । जिल्लाका भित्री सडकखण्डमा दुर्घटना धेरै हुने गरेको पाइएको उहाँले जानकारी दिनुभयो । सवारीचालक तथा पैदलयात्रीले ट्राफिक नियम उल्लङ्घन गर्दा दुर्घटनामा धेरै हुने गरेको भन्दै विद्यालयका बालबालिका, स्थानीय, पैदलयात्रीलाई सहभागी गराएर कार्यालयले दर्जनौँपटक ट्राफिक नियमसम्बन्धी सचेतना कार्यक्रम पनि सञ्चालन गरेको छ ।

त्यसैगरी, सोही अवधिमा ट्राफिक नियम उल्लङ्घन गरी चलाएका सवारी कारबाहीबाट रु ४८ लाख २८ हजार ५०२ राजस्व सङ्कलन भएको छ । चालक अनुमतिपत्र नभएका, हेलमेट नलगाएका मोटरसाइकल चालक, यात्रा अनुमतिपत्र नभएका, क्षमताभन्दा धेरै सामान बोकेका ट्रकलगायतलाई कारबाही गरिएको प्रहरी निरीक्षक साहले बताउनुभयो । पूर्वपश्चिम राजमार्ग तथा भित्री सडकखण्डमा समेत विभिन्न समयमा जाँच गरी ट्राफिक नियम उल्लङ्घन गरेर चलाएका सवारीलाई कारबाही गरिएको थियो ।

प्रहरीले लामो दूरीका यात्रुबाहक बसमा दुई जना चालक अनिवार्य गरिएको विषयमा कडाइका साथ जाँच गर्ने गरेको छ । चालु आवको छ महिनामा सात हजार २७ वटा लामो दूरीको यात्रुबाहक बस जाँचका क्रममा २२ वटाले नियम उल्लङ्घन गरेको पाइएपछि कारबाही गरिएको उहाँको भनाइ छ ।

# डिजेल/मट्टितेलको मूल्य बढ्यो, हवाई इन्धनको घट्यो

**दैनिक समाचारदाता**
**काठमाडौँ, १८ माघ ।**

नेपाल आयल निगमले डिजेल/मट्टितेको मूल्य बढाएको छ । निगम सञ्चालक समितिको बैठकले शनिबार मध्यरातदेखि लागू हुने गरी डिजेल/मट्टितेलमा प्रतिलिटर तीन रुपैयाँ बढाएको हो ।

मूल्य समायोजनसँगै डिजेल/मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ३६ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १३८ रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ३९ रुपैयाँ कायम भएको छ ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र बीरगञ्ज डिपोलाई पहिलो वर्ग, सुर्खेत र दाङ डिपोलाई दोस्रो वर्ग र काठमाडौँ, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ । निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि उक्त खुद्रा बिक्री मूल्य लागू हुनेछ ।

निगमले हवाई इन्धन (आन्तरिक र अन्तरराष्ट्रियतर्फ) को मूल्य भने घटाएको छ । आन्तरिकतर्फको हवाई इन्धनको मूल्य प्रतिलिटर एक रुपैयाँ र अन्तरराष्ट्रियतर्फ काठमाडौँमा प्रतिकिलोलिटर अमेरिकी डलर सात घटाइएको छ । मूल्य घटेसँगै आन्तरिकतर्फको हवाई इन्धनको मूल्य प्रतिलिटर १२७ रुपैयाँ र अन्तरराष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी ९६६ पुगेको छ ।

इण्डियन आयल कर्पोरेशनबाट शनिबार प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा प्रतिलिटर शून्य दशमलव १२ पैसा, डिजेल/मट्टितेलमा प्रतिलिटर चार रुपैयाँ ६६ पैसा तथा एलपी ग्यासमा प्रतिसिलिण्डर ४५ रुपैयाँ ४९ पैसा बढेर आएको तथा हवाई इन्धनमा प्रतिलिटर एक रुपैयाँ ०८ पैसा घटेर आएकाले खुद्रा बिक्री मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

# चुनाव प्रचारप्रसारमा रेडक्रसको चिह्न प्रयोग नगर्न आग्रह

काठमाडौँ, १८ माघ (रासस) ।

नेपाल रेडक्रस सोसाइटीले आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा प्रचारप्रसारका क्रममा रेडक्रसको चिह्न प्रयोग गर्न आग्रह गरेको छ ।

आइतबार महामन्त्री मीनबहादुर मल्लले जारी गर्नुभएको विज्ञप्तिमा रेडक्रसको चिह्न जेनेभा महासन्धीअनुसार अन्तरराष्ट्रिय रूपमा संरक्षित मानवीय सेवाको प्रतीक भएकाले राजनीतिक, धार्मिक वा वैचारिक उद्देश्यका लागि रेडक्रसको चिह्नको प्रयोग गर्न निषेध गरिएको उल्लेख छ ।

"आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको चुनावी प्रचारप्रसारमा समर्थन वा बिरोध जनाउने उद्देश्यले रेडक्रसको चिह्न, नाम, चिह्न अङ्कित पोसाक वा पहिचान प्रयोग गरिएको गतिविधि देखिएमा यसले रेडक्रस अभियानको निष्पक्षता, तटस्थता, स्वाधीनता र विश्वसनीयतामा गम्भीर असर पार्ने स्पष्ट छ", विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमार्फत रेडक्रसका स्वयंसेवक तथा कर्मचारीलाई कुनै पनि चुनावी प्रचारप्रसारमा रेडक्रस चिन्ह अङ्कित सामग्री प्रयोग गरी संलग्न नहुन पनि आग्रह गरिएको छ । यदि कुनै रेडक्रस पदाधिकारी निर्वाचनमा उम्मेदवार भएको भए रेडक्रसबाट अलग भएको घोषणा गर्न पनि आग्रह गरिएको छ ।

रेडक्रसले आफ्ना पदाधिकारी तथा कर्मचारीलाई कुनै पनि राजनीतिक दल, उम्मेदवार वा व्यक्तिको पक्ष वा विपक्षमा समर्थन वा विरोध नगर्न, सामाजिक सञ्जाल, सार्वजनिक कार्यक्रम, प्रदर्शन वा अन्य कुनै माध्यमबाट रेडक्रस अभियानलाई राजनीतिक रूपमा नजोडिन, रेडक्रसको सम्पत्ति, स्थान, कार्यालय कुनैपनि राजनीतिक दलको प्रचारप्रसारलाई सहयोग पुग्ने गरी उपलब्ध नगराउनु पनि अनुरोध गरेको छ ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजबिराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजबिराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*